# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २४९ | काठमाडौं | सोमबार, २५ पुस २०७९ | Prabhab National Daily | Monday, January 9, 2023 | www.prabhabonline.com | पृष्ठ १२ | मूल्य रू. ५।-



# TOGETHER FOR MORE.

# GROWING TOGETHER FOR NATION BUILDING

We are proud to announce that

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

&

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

have merged today, to become the biggest bank in the banking history of Nepal, where we grow together for nation building.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

PROUD TO BE THE BIGGEST BANK OF THE COUNTRY

www.globalimebank.com

# TOGETHER FOR MORE.

कुल सम्पत्ति
## ५ खर्ब ५ अर्ब+

कुल पूँजी
## ५७ अर्ब+

कुल निक्षेप
## ४ खर्ब १३ अर्ब+

कुल ऋण
## ३ खर्ब ७७ अर्ब+

कुल ग्राहक संख्या
## ४० लाख+

कुल सेवाग्राही केन्द्र
देशको ७७ जिल्ला सहित विदेशमा पनि
## ११००+

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गर्व गर्छौं राष्ट्रकै सबैभन्दा ठूलो बैंक भएकोमा

# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २४९ | काठमाडौं | सोमबार, २५ पुस २०७९ | Prabhab National Daily | Monday, January 9, 2023 | www.prabhabonline.com | पृष्ठ १२ | मूल्य रू. ५।-


## निर्वाचनपछि प्रतिनिसभाको पहिलो बैठक आज




- १२ राजनीतिक दलका नेताले शुभकामना मन्तव्य दिने
- ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराले स्वागत गर्ने
- १२ राजनीतिक दल र पाँच स्वतन्त्र सांसदको प्रतिनिधित्व

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय संसद्को अधिवेशन आजदेखि प्रारम्भ हुँदै छ । गत मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनपछि पहिलोपटक संसद् बैठक बस्न लागेको हो । नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा दिउँसो १ बजेदेखि प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठक अलग-अलग सञ्चालन हुने छन् ।

निर्वाचनपछि प्रतिनिधिसभाको पहिलो अधिवेशन र राष्ट्रिय सभाको नियमित १३औं अधिवेशन सुरु हुनेछ । दुवै सदनका बेग्लाबेग्लै बैठकमा साझा कार्यसूचीका रूपमा संघीय संसद्को अधिवेशन आह्वानसम्बन्धी राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाइनेछ ।

यस्तै प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद् गठनसम्बन्धी राष्ट्रपति कार्यालयको पत्रसमेत वाचन गरेर सुनाइनेछ । प्रतिनिधिसभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूले सम्बोधन गर्ने कार्यसूची रहेको संघीय संसद् सचिवालयका सहप्रवक्ता दशरथ धमलाले जानकारी दिए ।

### १२ दलका नेताको सम्बोधन

आजको प्रतिनिधिसभा बैठकमा १२ राजनीतिक दलका नेताले शुभकामना मन्तव्य दिने छन् । बैठकको प्रारम्भमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराले सदस्यहरूलाई स्वागत गर्ने छन् । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपछि प्रतिनिधिसभामा १२ राजनीतिक दल र पाँच स्वतन्त्र सांसदको प्रतिनिधित्व रहेको छ ।

प्रतिनिधिसभामा नेपाली कांग्रेसका ८९, नेकपा एमालेका ७८, नेकपा माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राष्ट्रिय प्रजातन्त्र पार्टीका १४, जनता समाजवादी पार्टी नेपालका १२, नेकपा एकीकृत समाजवादीका १०, जनमत पार्टीका छ, लोकतान्त्रिक समाजवादी पार्टीका चार, नागरिक उन्मुक्ति पार्टीका तीन, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीका एक/एक तथा स्वतन्त्र पाँच सांसद् छन् ।

प्रतिनिधिसभा बैठक हाल कायम प्रतिनिधिसभा नियमावली, २०७५ अनुसार सञ्चालन हुनेछ । बैठकले नियमावली, २०७५ लाई अनुमोदनसमेत (**बाँकी पृष्ठ ४ मा**)

# प्रदेशमा नयाँ मुख्यमन्त्री

■ मधेस प्रदेश, बागमती र सुदूरपश्चिममा आलोपालोमा मुख्यमन्त्री बन्ने ■ सभामुख र उपसभामुख पनि आलोपालोमा

■ जेबी योञ्जन

**काठमाडौं–** चुनावमा प्राप्त नयाँ जनादेशपछि प्रदेशहरूमा सरकार गठन हुन थालेका छन् । संघीय सरकारको नेतृत्व गरेको गठबन्धनले नै प्रदेशहरूमा सरकार गठन गर्दै छ । सत्ता गठबन्धनको आइतबार साँझ बालुवाटारमा बसेको बैठकले मुख्यमन्त्री र सभामुखबारे निर्णय गरेको छ । बैठकमा भएको सहमतिअनुसार केही प्रदेशमा मुख्यमन्त्री र सभामुख एकै दलले पाँच वर्ष र केही प्रदेशमा आलोपालोमा चलाउने भएका छन् ।

सत्ता गठबन्धनको बैठकले एमाले चार, माओवादी केन्द्र दुई र मधेस प्रदेशमा जनता समाजवादी पार्टी र जनमत पार्टीबीच मुख्यमन्त्री आलोपालो गर्ने सहमति गरेको छ । प्रदेश १, गण्डकी, लुम्बिनी र कर्णालीमा भने आलोपालो नहुने भएको छ ।

सहमतिअनुसार प्रदेश १ को मुख्यमन्त्री एमाले संसदीय दलका नेता हिक्मत कार्की बनेका छन् । उनी प्रदेशका पहिलो आन्तरिक मामिला तथा कानुनमन्त्री हुन् । गठबन्धनका दलहरूको समर्थनमा दाबी पेस गरेका कार्कीलाई आइतबार साँझ प्रदेश प्रमुख परशुराम खापुङले मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । संविधानको धारा १६८ उपधारा (२) अनुसार उनी मुख्यमन्त्री बनेका हुन् ।

मधेस प्रदेशमा प्रदेश प्रमुख हरिशंकर मिश्रले संविधानको धारणा १६८ को उपधारा (२) अनुसार नै सरकार गठनका लागि मुख्यमन्त्रीमा दाबी पेस गर्न २८ पुस अपराह्न ४ बजेसम्मको समय तोकेका छन् । यो प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टीले आलोपालो प्रणालीमा सरकारको नेतृत्व गर्ने गठबन्धनमा सहमति भएको छ । सहमतिअनुसार पहिलो चरणमा जसपाबाट मुख्यमन्त्री हुने भएको छ । जसपाले भने अहिलेसम्म संसदीय दलको नेता चयन गर्न सकेको छैन । यो दलबाट निवर्तमान बन्न लागेका मुख्यमन्त्री लालबाबु राउत र पूर्वसभामुख रामसरोज यादव मुख्यमन्त्रीका दाबेदार छन् ।

यहाँ पहिलो चरणमै मुख्यमन्त्रीका लागि जनमत पार्टीका महेश यादवको पनि दाबेदारी थियो । तर, आइतबार साँझ प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकले मधेसमा जसपालाई पहिलो चरणमा सरकारको नेतृत्व दिने निर्णय गरेको हो । यो निर्णयसँगै जसपालाई सरकार गठनको बाटो मधेसमा खुला भएको हो । जसपापछि जनमतले त्यहाँ सरकारको नेतृत्व गर्ने भएको हो ।

कांग्रेसविनाको सत्ता गठबन्धनमा एमाले, माओवादीसहित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी छन् । राष्ट्रिय स्वतन्त्र पार्टी पनि गठबन्धनमा छ तर प्रदेशसभा निर्वाचनमा भाग नलिएका कारण उक्त पार्टीको प्रदेशमा एक जना पनि सांसद छैन । यसरी सत्ता गठबन्धनका छ दलले नै मधेस प्रदेशमा पनि सरकार गठन गर्ने भएको हो ।

कूल १०७ प्रदेशसभा सदस्य रहेको मधेसमा सरकार गठनका लागि कम्तीमा ५४ सांसदको समर्थन चाहिन्छ । त्यहाँ २३ सिटसहित एमाले पहिलो दल हो । दोस्रो दल कांग्रेससँग २२, जसपासँग १६, जनमत पार्टीसँग १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)सँग १३, माओवादी केन्द्रसँग आठ र नेकपा एकीकृत समाजवादीसँग सात सिट रहेको मधेस प्रदेश संसद् सचिवालयले जनाएको छ । गठबन्धनको यहाँ ६० सांसद छन् । जुन संख्या सरकार गठनका लागि स्पष्ट बहुमत हो । यहाँ छ जना स्वतन्त्र सांसद पनि छन् ।

बागमती प्रदेशमा नेकपा माओवादी केन्द्र र नेकपा एमालेबाट आलोपालोमा मुख्यमन्त्री बन्ने सहमति भएको छ । पहिलो चरणमा माआवादीबाट मुख्यमन्त्री हुने भएका छन् । माओवादी संसदीय दलका नेता शालिकराम जमकट्टेल मुख्यमन्त्री बन्ने भएका हुन् । उनीपछि संसद्को आधा कार्यकाल भने एमालेका जगन्नाथ थपलिया मुख्यमन्त्री बन्ने सहमति भएको छ । यहाँ पूर्वपञ्चहरूको दल राप्रपाले पनि मुख्यमन्त्रीमा दाबी गरेको थियो । संघीयताको विरोधी दल भएको र प्रदेश संरचना खारेजीको माग गरेको दललाई मुख्यमन्त्री दिन गठबन्धनको संघीय सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल र गठबन्धनको मुख्य दल एमाले अध्यक्ष केपी शर्मा ओली तयार थिएनन् । नभन्दै राप्रपालाई प्रदेश सरकारको मुख्यमन्त्री पद दुई (**बाँकी पृष्ठ २ मा**) दलले छाडेनन् ।

प्रदेश प्रमुख यादवचन्द्र शर्माले आज (सोमबार) अपराह्न ४ बजेसम्म मुख्यमन्त्रीमा दाबी प्रस्तुत गर्ने समय दिएका छन् । कूल ११० सदस्यीय बागमती प्रदेश संसद्मा सरकार गठनका लागि आवश्यक बहुमत ५५ सिट हो । सत्ता गठबन्धनका दलहरूसँग ६१ सिट छ । यहाँ कांग्रेस ३७ सिटसहित पहिलो दल छ । एमालेसँग २७ सिट, माओवादीसँग २१, राप्रपासँग १३, एकीकृत समाजवादीसँग सात, नेपाल मजदुर किसान पार्टीसँग (नेमकिपा)सँग तीन र हाम्रो नेपाल पार्टी तथा नेपाल समाजवादी पार्टी (नेसपा)सँग एक/एक सिट छ ।

गण्डकी प्रदेशको मुख्यमन्त्रीका लागि पनि आजै अपराह्न ४ बजेसम्म दाबी प्रस्तुत गर्ने समय तोकिएको छ । प्रदेश प्रमुख पृथ्वीमान गुरुङले दुई वा दुईभन्दा बढी दलहरूको (**बाँकी पृष्ठ ४ मा**)





मुख्यमन्त्रीको भागबण्डालगायत विषयमा छलफल गर्न आइतबार साँझ प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठक (बाँया) र प्रदेश १ का नवनियुक्त मुख्यमन्त्री हिक्मत कार्की ।

### गठबन्धनमा भागबण्डा

| | |
|---|---|
| **प्रदेश १** | एमाले |
| **मधेस प्रदेश** | जसपा र जनमत पार्टीबीच आलोपालो |
| **बागमती** | माओवादी केन्द्र र एमालेबीच आलोपालो |
| **गण्डकी** | एमाले |
| **लुम्बिनी** | एमाले |
| **कर्णाली** | माओवादी केन्द्र |
| **सुदूरपश्चिम** | एमाले र माओवादीबीच आलोपालो |

सन्दर्भ : वैदेशिक रोजगार

# एक महिनाभित्र फेइम्समा आबद्ध हुन निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरूको अध्यावधिकका लागि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)मा एक महिनाभित्र आबद्ध हुन निर्देशन दिएको छ । कतिपय म्यानपावर कम्पनीहरू व्यवस्थितरूपमा सञ्चालन भएको नपाइएको भन्दै विभागले उक्त निर्देशन दिएको हो ।

विभागले एक सूचना जारी गर्दै हाल देखिएका विभिन्न समस्या निराकरणका लागि एक महिनाभित्र फेइम्स प्रणालीमा प्रविष्ट गरेपछि अध्यावधिक गरी जानकारी गराउन निर्देशन दिएको छ । वैदेशिक रोजगार व्यवसायलाइ प्रवर्द्धन गर्दै सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन वैदेशिक रोजगार ऐन २०६४ कार्यान्वयनमा रहेको विभागले जनाएको छ । विभागले इजाजतपत्र प्राप्त संस्थाले व्यवस्थितरूपमा व्यवसाय सञ्चालन गर्नुपर्नेमा जोड दिएको छ ।

म्यानपावर कम्पनीहरूलाई व्यवस्थित गराउनुपर्ने दायित्व विभागको पनि रहेको जनाउँदै प्रभावकारीरूपमा कार्यसञ्चालन नभएको जनगुनासो आएकोले अनलाइन प्रणालीमा अध्यावधिक गराउनुपर्ने उल्लेख गरेको छ । फेइम्स प्रणालीमा अध्यावधिकका लागि म्यानपावरहरूले इजाजतपत्र, सेयर लगत, सञ्चालकहरूको विवरण, सम्पर्क ठेगाना र कर्मचारीहरूको सम्पूर्ण विवरण प्रविष्ट गर्नुपर्नेछ । साथै, कर्मचारी नियुक्त गर्दा वा हटाउँदा त्यसको पनि प्रमाणित हुने आवश्यक कागजात पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।




### श्रम स्वीकृतिको अधिकार प्रत्यायोजन

विभागले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागअन्तर्गत रहेका श्रम तथा रोजगार कार्यालयहरूलाई वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गरेको छ । वैदेशिक रोजगारीमा जाने सेवाग्राहीको सेवा प्रवाहलाई थप सहज र सरल बनाउँदै लैजाने सरकारको नीतिअनुरूप विभागले जनकपुर र विराटनगरमा रहेका श्रम तथा रोजगार कार्यालयहरूलाई सबैखाले श्रम स्वीकृतिसम्बन्धी अधिकार प्रत्यायोजन गरेको हो ।

पोखरा र बुटवलमा रहेका श्रम तथा रोजगार कार्यालयहरूलाई वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण कार्य गर्ने अधिकार यसअघि नै प्रत्यायोजन गरिसकिएको विभागले जनाएको छ । काठमाडौंमा मात्रै केन्द्रिकृत हुँदै आएको संस्थागत/व्यक्तिगत श्रम स्वीकृति र श्रम स्वीकृति नवीकरण गर्ने कार्यलाई सातै प्रदेशबाट सेवा दिने उद्देश्यअनुरूप नेपाल सरकारले आइतबारदेखि उक्त सेवा सुरु गरेको छ । उल्लिखित कार्यालयहरूबाट सेवा सुरु भएसँगै विभागले वैदेशिक रोजगारसम्बन्धी सबै कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको जनाएको छ । यद्यपि, धनगढी र सुर्खेतमा रहेका कार्यालयहरूलाई भने निकट भविष्यमा अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा विभागले आवश्यक प्राविधिक तयारी गरिरहेको जनाएको छ ।

विभागले वैदेशिक रोजगारीमा जाने कामदार र उनीहरूसँग सम्बन्धित सरोकारवालाहरूको सहजताका लागि नेपाल राजपत्र (खण्ड ६८, पुस ९ गते, २०७५ साल अतिरिक्तांक ३२ ) को अधिकार प्रत्यायोजनसम्बन्धी सूचनाबमोजिम राजपत्रको दफा ४ लगायतका सम्पूर्ण कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको विज्ञप्तिमा उल्लेख गरेको छ । प्रत्यायोजित अधिकारअनुसार कार्यालयहरूले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ बमोजिम वैदेशिक रोजगारमा कामदार पठाउन निश्चित संख्यामा माग निर्धारण गरी पूर्वस्वीकृतिका लागि निवेदन लिने र पूर्वस्वीकृति दिन सक्ने छन् । यस्तै वैदेशिक रोजगार ऐन, २०६४ को दफा १६ बमोजिम विज्ञापन गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा निगरानी गर्न सक्ने छन् भने सोही ऐनको दफा १९ बमोजिम तोकिएको संख्यामा नबढ्नेगरी श्रम स्वीकृतिको निस्सा (स्टिकर) दिन पाउने छन् ।

यसैगरी विभागले वैदेशिक रोजगारीका लागि व्यक्तिगतरूपमा विदेश जान चाहनेहरूबाट निवेदन लिने र विभागको प्राप्त निर्णय वा अधिकार प्रत्यायोजन भएअनुसार स्वीकृति दिनसक्ने अधिकार दिएको छ । साथै, इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीका शाखाहरूले वैदेशिक रोजगार ऐन एवं नियमावलीमा व्यवस्था भएअनुरूप कानुनको पालना गरे नगरेको सम्बन्धमा पनि कार्यालयहरूबाट अनुगमन तथा निरीक्षण गर्न पाइने अधिकार दिइएको छ । विभागले अधिकार प्रत्यायोजन गरेसँगै वैदेशिक रोजगार कार्यालय ताहचलबाट प्रदान गर्दै आएको वैदेशिक रोजगारसम्बन्धी संस्थागत, व्यक्तिगत र पुन: श्रम स्वीकृतिलगायतका सबै सेवाहरू आइतबारदेखि सातै प्रदेशका कार्यालयबाट दिन सुरु गरेको छ ।



## प्रदेशमा नयाँ...

पृष्ठ १ बाट जारी

समर्थनमा बहुमत प्राप्त दलका नेतालाई मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेका छन् । यहाँ पनि सत्ता गठबन्धनले नै सरकार बनाउने देखिएको छ । पहिलो दल भने कांग्रेस हो । तर, सरकार गठन गर्न आवश्यक बहुमत पुग्ने अवस्था छैन । त्यही भएर सत्ता गठबन्धनले सरकार गठन गर्ने निश्चित भएको हो ।

गण्डकीमा एमालेका खगराज अधिकारी मुख्यमन्त्री बन्ने भएका छन् । उनी संघीय सरकारको पूर्वगृहमन्त्री पनि हुन् । मुख्यमन्त्रीमा माओवादी संसदीय दलका नेता हरिबहादुर चुमान पनि दाबेदार थिए । कूल ६० जना सांसद रहेको गण्डकी प्रदेशसभामा कांग्रेसको २७ जना सांसद छन् । एमालेका २२, माओवादीका आठ, नेकपा एकीकृत समाजवादी र नेसपासँग एक-एक सांसद रहेका छन् । सरकार बनाउन ३० सांसदको समर्थन चाहिन्छ । सत्ता गठबन्धनसँग ठीक ३० जना सांसद छन् ।

लुम्बिनीका प्रदेश प्रमुख अमिक शेरचनले यही २७ पुसको अपराह्न ४ बजेसम्ममा मुख्यमन्त्रीमा दाबी पेस गर्ने समय दिएका छन् । कूल ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा ४४ सदस्यको समर्थन प्राप्त संसदीय दलको नेताले मुख्यमन्त्रीमा दाबी गर्दा हुने भएको छ । यहाँ एमालेका लीला गिरी मुख्यमन्त्री बन्ने भएका छन् ।

माओवादीका जोखबहादुर महरा पनि मुख्यमन्त्रीका दाबेदार थिए । रोल्पाका उनले प्रधानमन्त्री दाहालको सचिवालयमा रहेर लामो समय काम गरेको र दाहालले मुख्यमन्त्री बनाउने वचन दिएका कारण उनी बलिया दाबेदार ठानिएको थियो । तर, गिरी मुख्यमन्त्री बन्ने भएका हुन् ।

संसद्मा पहिलो दल रहेको एमालेसँग २९ सिट छ । दोस्रो दल कांग्रेससँग २७ सिट छ । यहाँ सरकार बनाउन ४४ सिट आवश्यक पर्छ । माओवादीसँग नौ र राप्रपासँग चार सिट छ । जसपा, जनमत र लोसपासँग समान तीन-तीन सिट छ । नागरिक उन्मुक्ति पार्टीसँग चार र तीनजना स्वतन्त्र सांसद छन् ।

यस्तै, कर्णाली प्रदेशका प्रमुख तिलक परियारले २७ पुसको बेलुकी ५ बजेसम्ममा मुख्यमन्त्रीमा दाबी पेस गर्ने समय दिएका छन् । उनले पनि संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त संसदीय दलका नेतालाई मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेका हुन् ।

यहाँ माओवादीका रामकुमार शर्मा मुख्यमन्त्री बन्ने भएका छन् । कँडेलले यसअघि पनि मुख्यमन्त्री हुन चाहेका थिए । तर, उनी मुख्यमन्त्री हुन सकेनन् । कूल ४० सदस्यीय कर्णाली संसद्मा मुख्यमन्त्री हुन २१ जना सांसद चाहिन्छ । गठबन्धनका दलहरूसँग २३ सांसद छ, जुन सरकार गठन गर्न स्पष्ट बहुमत हो । कर्णाली संसद् सचिवालयका अनुसार यहाँ कांग्रेस र माओवादीका समान १४-१४ जना तथा एमालेका १० जना सांसद छन् ।

सुदूरपश्चिम प्रदेशका प्रमुख देवराज जोशीले पनि २७ पुसको बेलुकी ५ बजेसम्ममा मुख्यमन्त्रीमा दाबी पेस गर्न बहुमत प्राप्त गर्न सक्ने संसदीय दलका नेतालाई आह्वान गरेका छन् । यहाँ पहिलो चरणमा एमालेका राजेन्द्र रावल मुख्यमन्त्री बन्ने भएका छन् । संसद्को आधा कार्यकाल रावल मुख्यमन्त्री भएपछि भने माओवादीका खगराज भट्ट बाँकी कार्यकालका लागि मुख्यमन्त्री बन्ने छन् । यहाँ नागरिक उन्मुक्ति पार्टीका रामेश्वर चौधरी मुख्यमन्त्रीका दाबेदार थिए । तर, यो दललाई मुख्यमन्त्री नदिने गठबन्धन दलहरूबीच आइतबार साँझ सहमति भएको हो । मुख्यमन्त्रीमा दाबी पेस गर्न कम्तीमा २७ जना सांसदको समर्थन चाहिन्छ ।

यहाँ कांग्रेससँग १९ सिट छ । माओवादीसँग ११ र एमालेसँग १० सिट छ । नागरिक उन्मुक्ति पार्टीसँग सात र एकीकृत समाजवादीसँग चार सिट छ । एक स्वतन्त्र सांसद छन् ।

## निर्वाचनपछि...

पृष्ठ १ बाट जारी

गर्नेछ । आजको बैठकबाट ज्येष्ठ सदस्यको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नका लागि नियमावलीअनुसार सात जनालाई चयन गरिनेछ । सांसद सदस्य संख्याका आधारमा कांग्रेस र एमालेबाट दुई/दुई र बाँकी अन्य दलबाट प्रतिनिधित्व हुनेछ । सोमबारको बैठकमा ज्येष्ठ सदस्य जबराले यही पुस २६ गते प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिने प्रस्तावबारे जानकारी गराउने छन् ।

माओवादी केन्द्रका अध्यक्ष दाहाल यही पुस १० गते १६९ सांसदको समर्थनमा प्रधानमन्त्रीमा नियुक्त भएका थिए । नेपालको संविधानको धारा ७६ को उपधारा (२) अनुसार नियुक्त प्रधानमन्त्रीले सोही धाराको उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने प्रावधान छ ।

नेपालको संविधानअनुसार निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक भएको ३० प्रतिनिधिसभाको बैठक बस्ने प्रावधान छ । यसैगरी पहिलो प्रारम्भ भएको दिनदेखि १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गरिसक्नुपर्नेछ । सभामुखको निर्वाचन सम्पन्न नभइसकेका कारणले हाल प्रतिनिधिसभाका ज्येष्ठ सदस्य जबराले बैठक सञ्चालन गर्ने छन् । उनले यसअघि यही पुस ७ गते नवनिर्वाचित प्रतिनिधिसभाका सदस्यलाई पद तथा गोपनीयताको शपथ गराएका थिए ।

# सुल्झियो राहदानी वितरण प्रणालीको समस्या

**काठमाडौं (प्रस)**– विद्युतीय राहदानी वितरण प्रणालीमा देखिएको प्राविधिक समस्या सुल्झिएको छ । राहदानी जारी गर्ने कार्यअन्तर्गत प्रमाणीकरण प्रणालीमा देखिएको प्राविधिक समस्या समाधान भएको हो ।

राहदानी विभागले आइतबार एक सूचना जारी गर्दै विद्युतीय राहदानी वितरणमा देखिएको समस्या समाधान भएको जानकारी दिएको छ । विद्युतीय राहदानीसम्बन्धी सेवाग्राहीको तथ्यांक प्रविष्टीपछि प्रमाणीकरण गर्ने क्रममा प्राविधिक समस्या देखिएपछि यही पुस १७ गतेदेखि सेवा प्रभावित बनेको थियो ।

सेवा प्रभावित भएलगत्तै प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राविधिक टोलीले विभागको निरीक्षण तथा प्राविधिक समस्याको विश्लेषणका लागि सूचना प्रविधि शाखाका प्राविधिकलाई परिचालन गरेको थियो ।

समस्याको पहिचान गर्न प्राविधिक व्यवस्थापनको जिम्मा लिएको आइडिमिया कम्पनीले तीन जना प्राविधिक नेपाल पठाएको थियो । प्राविधिकले प्रमाणीकरण प्रक्रियामा देखिएको समस्या हल गरेपछि सेवा सञ्चालनमा आएको हो । राहदानी विभागले आज एक सूचना जारी गर्दै विद्युतीय राहदानी वितरणमा देखिएको समस्या समाधान भएको जनाएको छ ।

राहदानीको फाराम भर्नेदेखि अन्य प्रक्रियामा लामो लाइन लाग्ने र सेवाग्राहीले सास्ती झेल्नुपर्ने अवस्था अन्त्य गर्न प्रधानमन्त्री दाहालले सचिवहरूसँगको बैठकमा निर्देशन दिएका थिए ।

## फाकफोकथुम गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
आमचोक, इलाम
१ नं. प्रदेश नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०७९/०९/२५

**यस गाउँपालिकाबाट मिति २०७९/०८/१८ गतेको प्रभाभ दैनिकमा प्रकाशित बोलपत्र (single stage Single envelope) आव्हान सम्बन्धि सूचना अनुसार e-GP मार्फत निर्धारित समय सिमा भित्र रितपुर्वक दर्ता भई खोलिएका बोलपत्रहरू यस गाउँपालिकाको मूल्याङ्कन समितिबाट प्राविधिक र आर्थिक प्रस्तावमा छनौट भई मिति २०७९/ ०९ / २४ गते बसेको मूल्याङ्कन समितिको बैठकको निर्णय अनुसार तपशिलको बोलपत्रदाताको प्रस्ताव न्युनतम मूल्याङ्कन सारभुत रूपमा प्रभावग्राही भई स्विकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ बमोजिम ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम, ठेगाना | कबोल अंक मु.अ. कर र PS Item सहित |
|---|---|---|---|---|
| १. | PRM/ILAM/WORKS/ NCB/0 3/2079-080 | Construction of Road(Amchok Ratmate Kanshirighat Saptin Puchar Hudai Dokan dada jane bato Istaraunati | Victors Construction and suppliers, Ilam Rong Rural municipality. | 74,16,507.62 |
| २. | PRM/ILAM/WORKS/ NCB/0 3/2079-080 | Construction of Road(Amchok Ratmate Kanshirighat Saptin Puchar Hudai Dokan dada jane bato Istaraunati | Karki Nirman Sewa Ilam | 7879822.56 |
| ३. | PRM/ILAM/WORKS/ NCB/0 3/2079-080 | Construction of Road(Amchok Ratmate Kanshirighat Saptin Puchar Hudai Dokan dada jane bato Istaraunati | Sayapatri nirman sewa, Phakphokthum rural municipality-2 | 7949988.13 |

**बोधार्थ**
१. श्री टिम ब्युल्डर्स प्रा. लि. काठमाण्डौ, नेपाल ।
२. श्री बि ब्युल्ड निर्माण सेवा, पाथिभरा याङ्वरक गाउँपालिका,
३. श्री निशान कन्स्ट्रक्सन, पिप्रा सिमरा -३ बारा
४. श्री सिंहदेवी निर्माण सेवा, माइ नपा १ इलाम
५. श्री साइनो चिनो कन्स्ट्रक्सन, पाँचथर ।
६. श्री अरुण कन्स्ट्रक्सन, ताप्लेजुङ ।
७. श्री आर। एन। कन्स्ट्रक्सन, इलाम ।
८. श्री जुरी थुम्की निर्माण सेवा, इलाम ।
९. श्री राजलावट निर्माण सेवा, इलाम ।
१०. श्री इलामेली निर्माण सेवा, इलाम ।

**कार्यालय प्रमुख**
**फाकफोकथुम गाउँपालिका**

## मेगा बैंक नेपाल लिमिटेडको
## बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०७९/०९/२५)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ताहरू समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी तथा जमानीकर्ताहरु लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरूको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०७९/१०/०९

**बोलपत्र खोलिने मिति**
२०७९/१०/१० दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानीकर्ताहरुको फोटो |
|---|---|---|---|---|
| १. | धितो कर्जा | **ऋणीहरू : मदन महतो र मगरा महतो**<br>ठेगाना : रत्ननगर ०९, चितवन<br>**(क) मदन महतो**<br>(ना.प्र.नं. २२७५, मिति २०४४/१२/१९ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : मगरा महतो<br>बाजे : चमरा महतो<br>**(ख) मगरा महतो**<br>(ना.प्र.नं. २५३०/२४२२२५३०, मिति २०३६/०३/११ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : चमरा महतो<br>बाजे : बिका महतो<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. शोषित महतो**<br>(ना.प्र.नं. ३५१०२०/३९८, मिति २०६७/०४/२० मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : मदन महतो<br>बाजे : मगरा महतो<br>**२. विक्रमिया महतो**<br>(ना.प्र.नं. २५१५/०६४/६५, मिति २०६५/०६/०५ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : मदन महतो<br>ससुरा : मगरा महतो<br>**३. सन्दिपा चौधरी**<br>(ना.प्र.नं. ३५१००४/१६५, मिति २०६७/०४/१८ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : शोषित महतो<br>ससुरा : मदन महतो<br>**(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना)**<br>**(प्रकाशित मिति २०७९/०६/०७)**<br>**(नागरिक राष्ट्रिय दैनिक)** | मगरा महतोको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, देबौली गा.वि.स./न.पा. वडा नं. ०६ (क) स्थित कि.नं. ३४८ (०-१-१ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । | <br>मदन महतो<br><br>मगरा महतो<br><br>शोषित महतो<br><br>विक्रमिया महतो<br><br>सन्दिपा चौधरी |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट : विस्तृत जानकारीको लागि यस मेगा बैंक नेपाल लिमिटेडको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, राईजिङ्ग मल, कमलादी, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९**
**फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेवसाइटः www.megabanknepal.com**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI FRIENDS GENERAL CONTRACTING ENGINEERING AND CONSTRUCTION CO. LTD
पूर्व स्वीकृति मिति : २०७९/०९/२४ LT. No. 279054 चलानी नं. ६०१९४६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1200 | ४२,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २ गते (16th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIVERSAL GUARDS SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०९/२१ LT. No. 278891 चलानी नं. ६०१९४४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २ गते (16th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com


## कम्पनीको नाम परिर्वतन भएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : पौष २५, २०७९**

यस कम्पनीको मिति २०७९/०८/२२ सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साबिक बिमा लगानी कम्पनी लिमिटेडमा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (**प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड**) ले व्यहोर्ने गरी मितिः २०७९/०९/११ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयबाट परिवर्तित नाममा स्वीकृति प्राप्त भएकोले सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७१/०७/२१ मा दर्ता भएको **राज एग्रीकल्चर कम्पनी प्रा.लि.** (प्रा.लि.नं. १२८१०५) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दाबीको लागि ३५ दिनभित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**टोप बहादु विष्ट**
**उप रजिष्ट्रार**

सुदुरपश्चिम प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय,
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
दिपायल, डोटी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७९/०९/२५**

यस कार्यालयबाट मिति २०७९/०८/१७ गते प्रभात राष्ट्रिय दैनिक पत्रिकामा तपशिल बमोजिमको निर्माण कार्य सम्बन्धि शिलबन्दी बोलपत्र (E– Bid) आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरू मध्य तपशिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागी छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | कामको विवरण | न्यनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाता | कवोल अंक (मु.अ.कर. सहित) |
|---|---|---|---|---|---|
| १. | NCB/DAHC/ 01/079/080 | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र योग हल निर्माण | भवन निर्माण | केदार निर्माण सेवा, जोरायल-५ | २३,९८,३४३.२८ |

**कार्यालय प्रमुख**

# घर खर्च चलाउन बगरकै भर

■ किरण थापा

**मेलम्ची–** इन्द्रावती गाउँपालिका वडा नं ११ र १२ का स्थानीय दिनभरजसो बगरमै भेटिने गरेका छन् । त्यहाँका स्थानीयको आयआर्जनको मूल बाटो नै बगर रहेको छ ।

घर खर्च चलाउन होस् या केही खर्चको जोहो गर्न स्थानीयलाई बालुवा चाल्नुको विकल्प छैन । इन्द्रावती-११ का गोरे माझी इन्द्रावती नदीको बगरमा ट्रिपरमा बालुवा लोड गर्दै गर्दा भेटिए । बालुवा चाल्नु र सो बालुवा बेच्नु उनको दिनचर्या बनेको छ । उनीलगायत अरु दुई/चार जनाको समूहले चालेर जम्मा गरेको बालुवा लिन ट्रिपर आउने गरेका छन् । बिहानैदेखि दिनभरि बालुवा जम्मा गरेर नबेचे बेलुका घरको चुलो बल्न समस्या हुने उनले बताए ।

आर्थिकरूपमा विपन्न तथा बेरोजगार परिवारका माझीले विगत लामो समयदेखि बगरमा बालुवा चाल्दै आएका छन् । बालुवा चालेर बिक्री गरी आएको रकमले उनको परिवारको घर खर्च चल्दै आएको छ । सिजनमा ५०-६० हजार रूपैयाँसम्म आम्दानी गर्ने उनले बताए । सो पैसाले घरको खर्च धान्न र अरु काममा खर्च प्रयोग गर्ने उनले बताए ।

सामूहिकरूपमा बगरमा बालुवा चाल्ने काम गर्दै आएका दनुवार तथा माझी समुदायका स्थानीयलाई एक ट्रिपर लोड गरेबापत तीन हजार ५०० रूपैयाँ आउने गरेको छ । कुनै दिनमा दुई/तीन गाडीसम्म लोड गर्न सकिने उनको भनाइ छ । बेरोजगार भएकाले आम्दानीको स्रोत बनेको बगरबाट आएको पैसाले घरको खर्च चलाउनुका साथै विवाह, छेवरलगायतका पर्वमा खर्च गर्नुपर्ने हुन्छ तर बालुवा चालेको रकम पर्याप्त नहुने उनले बताए । 'बेरोजगार भएकै कारण बालुवा चाल्नुपरेको हो, पढाइ पनि छैन र अरु सीप पनि छैन,' उनले भने ।

रोजगारी नहुँदा इन्द्रावती-११ का माझी समुदायका व्यक्ति नदीको बगरमा बालुवा चाल्ने काममा संलग्न हुँदै आएका छन् । इन्द्रावती-११ कै बाबुराम माझीसमेत बालुवा चाल्दै आएका छन् । बालुवा चालेर एक दिनमा ४०० देखि ५०० रूपैयाँसम्म कमाउने गरेको उनी बताउँछन् ।

'गत वर्ष असार १ गतेको बाढीले खेत बगायो,' उनले भने, 'कमाइ खाने खेत नभएपछि अहिले बालुवा चालेर गुजारा गर्ने गरेको छु, तर ढुक्कले बालुवा बेच्न पनि पाइँदैन, पालिकाले ठेक्का लगाएकाले बगरमा जाँदा प्रहरीले दुःख दिन्छन्, अब हामीले गरिखाने ठाउँ नै हराउला भन्ने डर भयो,' उनले भने ।

विशेषगरी असार, साउन, भदौ र असोजमा यहाँको माझी समुदायले बालुवा चालेर बेच्ने गरेका छन् । गाउँपालिकाले ठेक्का प्रक्रियामार्फत बगरको जिम्मा लगाउने गर्दा स्थानीयलाई समस्या हुने गरेको छ । बालुवा चाल्ने काम बन्द हुँदा यहाँका स्थानीय ज्यामी काम गर्ने गरेका छन् । हरेक दिनजसो स्थानीयलाई प्रहरीले दुःख दिने गुनासो आउने गरेको वडा नं ११ का वडाध्यक्ष रामजी माझीले बताए ।

व्यावहारिकता हेर्ने हो भने स्थानीय मारमा परेको तर कानुनीरूपमा भने गाउँपालिकाले ठेक्का लगाइसकेको हुँदा समस्या हुने उनले बताए । माझी समुदायका व्यक्तिमा सीप र शिक्षा नभएका कारण बालुवा चालेर गुजारा गर्न बाध्य भएको वडाध्यक्ष माझी बताउँछन् । गत वर्षको असार १ गतेको बाढीपछि बगरमा काम गरेर गुजारा गर्ने व्यक्ति बढेको उनले बताए । 'पहिला दुई हजार रोपनीजति खेत थियो, बाढीले सबै खेतलाई बगर बनायो,' वडाध्यक्ष माझीले भने । पहिला धान र आलु लगाउने गरिएको खेत अहीले बगर बनेको उनले बताए ।

पहिला माछा प्रशस्त पाउने भए पनि हाल खोलामा माछा पाउनै छाडेको छ । त्यसकारण पनि स्थानीयलाई गुजारा चलाउन बालुवाकै भर पर्नुपरेको छ । बिरामी भयो भने उपचार गर्न र घर खर्च चलाउन माछा बेचेरै कमाउने माझी समुदाय हाल बालुवा चाल्ने काम गर्दै आइरहेका छन् । 'यो पेसा दिगो हैन, हामी विकल्पमा केही उपाय सोचिरहेका छौं,' अध्यक्ष माझीले भने, 'जिन्दगी चलाउने हिसाबले यो काम नगर्नुस् भनेर भनेका छौं ।'

अहिले पनि सो समुदायका ४०० घरधुरीका ९० प्रतिशतभन्दा बढी व्यक्ति बगरकै भरमा गुजारा गर्दै आइरहेका छन् । वडाबाट बंगुरपालन, कुखुरापालनलगायतमा जोड्ने काममा अनुदान दिइरहेको उनले बताए । कृषिलाई आधुनिक तरिकाबाट खेती गर्न केही किसानलाई अनुदानका रूपमा टनेल र तरकारीको बीउ वितरण गरेको वडाध्यक्ष माझीको भनाइ छ । *रासस*

# विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ

**कास्की (प्रस)–** कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी उमेशबहादुर गिरीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । उनी पोखरा महानगरपालिका-३ नदिपुर घर भई चितवन भरतपुर महानगरपालिका-१२ बस्दै आएका थिए ।

जिल्ला अदालत कास्कीको २०६६ फागुन २७ गतेको फैसलाले सर्वस्वसहित जन्मकैद ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उनकै डेराबाट पक्राउ गरेको जनाएको छ । पोखरा महानगरपालिका-३ तेर्सापट्टीस्थित ताज पुलमा राजेश थाकालीलाई गिरीलगायतका व्यक्तिहरूले धारिलो हतियार प्रयोग गरी हत्या गरेको घटनामा अदालतले उक्त फैसला गरेको थियो ।

गिरी घटनामा संलग्न भएपश्चात् भागेर काठमाडौं गएर बसी सोही स्थानबाट सुरूमा कतारमा १२ वर्षीय बसेको, इराकमा तीन वर्ष, अफगानिस्तानमा दुई वर्ष बसेपछि आठ वर्ष अगाडि नेपाल आई चितवनमा वर्कसप र वाइन पसल खोली आफ्नो परिचय लुकाएर बसेको अनुसन्धानबाट खुल्न आएको प्रहरीले जनाएको छ । उनलाई जिल्ला अदालत कास्कीमा उपस्थित गराइएकोमा अदालतको आदेशले कैद भुक्तानका लागि करागार कार्यालय कास्कीमा थुनामा पठाइएको छ ।

यसैगरी, जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी पोखरा महानगरपालिका-२८ माझठाना बस्ने ७१ वर्षीय तारानाथ तिवारीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । उच्च अदालतको गत वैशाख १४ गतेको फैसलाले १९ वर्ष तीन महिना कैद, १० हजार रूपैयाँ जरिवाना र पीडितलाई दुई लाख रूपैयाँ क्षतिपूर्ति भराउने ठहर भई फरार रहेका उनलाई खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई जिल्ला अदालत कास्की उपस्थित गराइएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय कास्कीमा थुनामा पठाइएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE SPECIALIST FLAVOR INSTITUTION TO PROVIDE DRINKS

पूर्व स्वीकृति मिति २०७८/१२/०७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२४ LT. No. 259875 चलानी नं. ६०१७६२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tea And Coffee Maker | 1 | 0 | 1400 | ४९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २ गते (16th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**

Govt. License 1462/074/075

Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660

skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOO TATT VENDING (M) SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२४ LT. No. : 279064 चलानी नं. ६०१९४५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २ गते (16th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**

श्रम इजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRI-V TECHNOLOGY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२० LT. No. 278513 चलानी नं. ६०१९४३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 20 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २ गते (16th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**

Govt. License 300/059/60

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu

Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236

Email: twmanpower@wlink.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOCUS FORCE SECURITY(M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२४ LT. No.278980 चलानी नं. ६०१९४५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 25 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २ गते (16th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MIDDLE ORBIT OVERSEAS PVT. LTD.**

श्रम इजाजत नं. ९७३/०६७/०६८

Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal

Telphone No: +977-1-4387902 Fax No. +977-1-4389051

E-mail: middleorbit@gmail.com Website: middleorbitoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASAR AL-URUBAH OPERATION AND MAINTENANCE COMPANY IS A ONE-PERSON COMPANY.

पूर्व स्वीकृति मिति २०७९/०९/२४ LT. No. 279103 चलानी नं. ६०१९४६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 25 | 0 | 1000 | ३५,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २ गते (16th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**

Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal

Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO..

पूर्व स्वीकृति मिति २०७९/०९/२४ LT. No. 279125 चलानी नं. ६०१९४६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Worker | 25 | 0 | 1400 | ४९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २ गते (16th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**

श्रम इजाजत नं. ११८२/०७३/७४

Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## मलेसिया/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OTAK-OTAK MR NOH (JOHOR BAHRU) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२४ LT. No. 270582 चलानी नं.६०१९४५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०९/२४ LT. No. 278991 चलानी नं.६०१९४५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
